**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date:29.09.2024**

- **Mann Ki Baat**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो, मेक इन इण्डिया पहलका कारण भारत विनिर्माण शक्ति केन्द्र बनेको छ। उहाँले भन्नुभयो, यस अभियानबाट निर्धन र मध्यतम वर्ग तथा सूक्ष्म, लघु अनि मध्यम उद्यमलाई धेरै लाभ पुगेको छ। यस अभियानले प्रत्येक वर्गका मानिसहरूलाई आफ्नो प्रतिभा प्रदर्शित गर्ने अवसर दिएको छ। आज आकाशवाणीबाट मन की बात कार्यक्रमको एक सय चौधौं प्रकरणमा प्रधानमन्त्रीले मेक इन इण्डिया पहलको सफलतामाथि प्रकाश पार्नुभयो। उहाँले भन्नुभयो, यस अभियानको सफलतामा देशका ठूला उद्योगसितै साना दोकानदारहरूको योगदान पनि शामेल छ, जसबाट प्रत्येक क्षेत्रलाई लाभ भएको छ, निर्यात बढेको छ र प्रत्यक्ष विदेशी निवेश आकर्षित भएको छ। श्री मोदीले भन्नुभयो, सरकारले उत्पादहरूको गुणस्तरमाथि ध्यान दिइरहेछ र भोकल फर लोकललाई प्राथमिकता दिइरहेछ। रोजगारीमा परिवर्तनको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, नयाँ क्षेत्रहरूको शुरूवातसितै रोजगारको प्रकृतिमा पनि परिवर्तन भइरहेछ। उहाँले भन्नुभयो, सूचना तथा प्रसारण मन्त्रालयले प्रतिभा र रचनात्मयकतालाई प्रोत्साहन दिन क्रियेट इन इण्डिया विषयअन्तर्गत पच्चीसवटा चुनौतीहरू शुरू गरेको छ।

यस वर्ष दुई अक्टोबरमा दस वर्ष पूरा भइरहेको स्वच्छ भारत मिशनको सफलताको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, यो यस अभियानकै सफलता हो कि "फोहोरबाट सम्पदा" मन्त्र मानिसहरूमा लोकप्रिय भइरहेछ। उहाँले भन्नुभयो, अब मानिसहरूले रिडयूस, रियूज र रिसाइकलको कुरा गर्न शुरू गरेका छन्। विरूवारोपण महाअभियान "एक पेड मां के नाम"-मा भाग लिन मानिसहरूलाई प्रोत्साहित गर्दै प्रधानमन्त्रीले भन्नुभयो, सम्पूर्ण समाजलाई यसको आश्चर्यजनक परिणाम प्राप्त भएको छ, जुन निश्चित रूपमा प्रेरणादायी छ।
मातृभाषाको महत्त्वमाथि बोल्दै प्रधानमन्त्रीले भन्नुभयो, हाम्रो देशमा बीस हजार भाषा र बोलिहरू छन्। उहाँले यी भाषाहरू विशेषगरी संथाली भाषा संरक्षित गर्ने प्रयासको सराहना गर्नुभयो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आगामी पर्वहरूका निम्ति देशवासीलाई शुभकामना पनि दिनुभयो।

---------------------------------------X---------------------------------------

- **Rainfall Damage**

वितेको केही दिनमा लगातार परेको भारी वर्षाका कारण राज्यका अन्यभागसितै पाकिम जिल्लाका विभिन्न स्थानमा धेरै क्षति पुगेको छ। यस जिल्लाको बड़ापाथिङ र आहोमा पहिरो जाँदा धेरै क्षति पुगेको छ अनि भविष्यमा यस्तो स्थितिको सम्भावनालाई कम गर्न निरन्तर आकलन भइरहेछ। विशेषगरी चन्दु पुलदेखि छेत्री गाउँ अनि सौरेनीदेखि LLHP-सम्म पीएमजीएसवाई सड़कहरू बाधित भएका छन्। सड़क मार्गलाई सुचारू गर्ने कार्य धमाधम भइरहेको छ भने केही जोखिमपूर्ण स्थानहरूमा अझ समस्या आउने सम्भावना रहेको छ। मौसमको स्थितिलाई ध्यानमा राख्दै स्थानीय अधिकारी र सम्बन्धित विभागका प्रतिनिधिहरू यस चुनौतीको प्रभावकारी ढङ्गमा सामना गर्न मिलेर काम गरिरहेछन्। मानिसहरूलाई मौसमको पूर्वानुमान र सल्लाहको बारेमा समय-समयमा जानकारी प्रदान गरिँदैछ।

---------------------------------------X---------------------------------------

- **Speaker Mizoram Visit**

सिक्किम विधानसभा अध्यक्ष श्री मिङ्मा नोर्बु शेर्पाले मिजोरमको आइजोलमा आयोजित CPA भारत क्षेत्र मण्डल तीन, 2024-को एक्काइसौं वार्षिक सम्मेलनको एक भागको रूपमा सम्मेलनपछि रीएक स्थित जातीय गाउँको भ्रमण गर्नुभयो। यस अवसरमा उहाँको साथमा मिजोरम विधानसभाका उपाध्यक्ष श्री लाल फामकिमा, सिक्किम विधानसभाका सचिव श्री ललित गुरूङ साथै मिजोरम सरकारको पर्यटन विभागका वरिष्ठ अधिकारी रहेका थिए। यस भ्रमण कार्यक्रमको आयोजना मिजोरम विधानसभा र मिजोरम सरकारको पर्यटन विभागले गरेको हो। कार्यक्रममा मिजो समुदायको साँस्कृतिक अभ्यास र अन्य पर्यटकीय आकर्षणका गतिविधिहरु प्रदर्शित गरिए। विधानसभा अध्यक्षलाई भ्रमणको क्रममा पर्यटन सचिव र वरिष्ठ अधिकारीहरूले रीएक जातीय गाउँमा प्रदर्शन गरिएको परम्परा र संस्कृतिको बारेमा जानकारी गराए।

---------------------------------------X---------------------------------------

- **Forest Minister**

वन विभाग मन्त्री श्री पिन्ट्सो नामग्याल लेप्चाले आज लेभेनदेखि लिङ्ज्यालाई जोड्ने कनका नदीमाथि निर्माणाधिन चार सय फिट अग्लो बेली सस्पेन्सन पुलको निरीक्षण गर्नुभयो। मंगन जिल्लाको अप्पर जङ्गुमा निर्मित यस पुलको निरीक्षण अवधि मन्त्रीसित पञ्चायत सदस्यगण एवं अधिकारीहरू उपस्थित थिए। श्री लेप्चाले सम्बन्धित विभागीय अधिकारी र ठेकादारलाई निर्माण कार्य समयमै पूरा गर्ने उद्देश्यले कार्यमा गति ल्याउने अनुरोध गर्नुभयो। उहाँले भन्नुभयो, यहाँ पुल नहुँदा साक्योङ-पेन्तोङ र तिङभोङ जीपीयू यी दुईवटा ग्राम पञ्चायत एकाईका मानिसहरूले धेरै कठिनाइको सामना गर्नुपरिरहेछ। यो निर्माणाधिनत पुलको कार्य पूरा भएपछि विशेष गरी अप्पर जङ्गुवासीका निम्ति सम्पर्कमा धेरै सुधार हुनेछ।

---------------------------------------X---------------------------------------

- **Sports**

पाचे वरिष्ठ माध्यमिक विद्यालयको खेलमैदानमा भइरहेको प्रथम राज्यसभा सांसद च्यालेन्ज कप फुटबल प्रतियोगिताको पहिलो सेमिफाइनल खेल आज खेलाइयो। पहिलो सेमिफाइनल खेलमा पदमचेन युवा क्लबमाथि विजय दर्ता गर्दै Junior Seven पाचे प्रतियोगिताको फाइनलमा प्रवेश गर्न सफल बनेको छ। भोली हुने दोस्रो सेमिफाइनल खेलमा Tribal Sporting Club सामसिङको भिड़न्त पाचे फिरफिरे फुटबल क्लबसित हुनेछ। पाकिम जिल्लाभरिका कुल चौंतीसवटा दलले सहभागिता जनाएको प्रतियोगिताको फाइनल खेल दुई अक्टोबल गान्धी जयन्तिका दिन खेलाइनेछ। प्रतियोगिताका विजेता दललाई एक लाख पचास हजार अनि उपविजेता दललाई एक लाखसहित आकर्षक ट्रफी प्रदान गरिनेछ।

-------------------------------------X-------------------------------------